**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १० दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

**केन्द्रीय गृहमन्त्री अमित शाहले संविधानले निर्वाचन आयोगलाई मतदाता सूची तयार गर्ने अधिकार दिएको छ र विशेष गहन पुनरीक्षण एस.आई.आर गर्ने जिम्मेवारी आयोगको भएको बताउनु भएको छ ।**

**रेलमन्त्री अश्विनी वैष्णवले भारतीय रेलवेमा महिला सुरक्षालाई उच्च प्राथमिकता दिइएको बताउनुभएको छ ।**

**बिगत पाच बर्षमा सामुदायिक रेडियो सहायता अभियान अन्तर्गत कुल २१२ नयाँ सामुदायिक रेडियो स्टेशन स्थापना भएका छन् ।**

**पश्चिम बङ्गालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षणको प्रक्रिया अब अन्तिम चरणमा पुगेको छ।**

**खरसाङ महकुमा अस्पतालमा आज माँ क्यान्टिनको शुरुवात गरिएको छ।**

**केंद्रीय गृह मंत्री अमित शाह विशेष गहन पुनरीक्षण-एसआईआर**

केन्द्रीय गृहमन्त्री अमित शाहले संविधानले निर्वाचन आयोगलाई मतदाता सूची तयार गर्ने अधिकार दिएको छ र विशेष गहन पुनरीक्षण (एसआईआर) गर्ने जिम्मेवारी आयोगको भएको बताउनु भएको छ I लोकसभामा चुनाव सुधारको चर्चाको क्रममा एसआईआरमा विपक्षीको आरोपको खण्डन गर्नुहुदै उहाँले भन्नुभयो - 'विपक्षी, विशेष गरी कांग्रेसले एसआईआरको मुद्दामा झूट फैलाइरहेको छ र देश, सरकार र निर्वाचन आयोगको छवि खराब गरिरहेको छ। सदनमा यस सम्बन्धी चर्चाको जवाफ दुनुहुदै गृहमन्त्री श्री शाहले एसआईआरको प्रयोग मतदाता नामावली शुद्धीकरणका लागि हुने गरेको बताउनु भयो । उहाँले अझ भन्नुभयो - पहिलो एसआईआर सन् १९५२ मा गरिएको थियो जब जवाहरलाल नेहरू प्रधानमन्त्री थिए। गृहमन्त्रीले श्री शाहले भन्नुभयो बर्ष 2004 देखि धेरै राज्य र केन्द्र शासित प्रदेशहरूमा एसआईआर प्रक्रिया अपनाइएको छ। श्री अमित शाहले विपक्षी दलहरूले एसआईआरप्रति दोहोरो मापदण्ड अपनाएको आरोप लगाउनु भयो ।

**एक जिला एक उत्पाद-ओडीओपी पहल**

ओ.डी.ओ.पी पहल अन्तर्गत देशभरिका ७७५ जिल्लाहरूबाट १२ सय भन्दा अधिक उत्पादनहरू पहिचान गरिएको छ। यस पहलको उद्देश्य देशका प्रत्येक जिल्लाबाट कम्तिमा एउटा उत्पादनको चयन र प्रचार गर्नु हो जसले गर्दा सबै क्षेत्रहरूमा समग्र विकासलाई बढावा दिइयोस्। उत्तर-पूर्वी क्षेत्र विकास राज्य मन्त्री डा. सुकान्त मजुमदारले आज लोकसभामा एक लिखित जवाफमा यस आशयको जानकारी दिनुभएको हो 1

**सामुदायिक रेडियो सहायता अभियान**

बिगत पाच बर्षमा सामुदायिक रेडियो सहायता अभियान अन्तर्गत कुल २१२ नयाँ सामुदायिक रेडियो स्टेशन स्थापना भएका छन् । सरकारले यो योजनाका लागि ५० करोड रुपियाँ को बजेट निर्धारित गरेको छ । यसको उद्देश्य अवस्थित र नयाँ सामुदायिक

रेडियो स्टेशनहरूलाई सशक्त बनाउनु हो। आज लोकसभामा एक प्रश्नको लिखित जवाफमा, सूचना एवम् प्रसारण राज्य मन्त्री डा. एल. मुरुगनले जानकारी दिदै भन्नुभयो - कुल नयाँ रेडियो स्टेशनहरू मध्ये 35 उत्तर प्रदेशमा स्थापित गरिएको छ। उहाँले विगत पाँच वर्षमा देशका ३१ वटा सामुदायिक रेडियोलाई आर्थिक सहयोग समेत उपलब्ध गराइएको बताउनु भयो ।

**पश्चिम बंगाल मतदाता सूची - विशेष गहन पुनरीक्षण - अंतिम चरण**

पश्चिम बङ्गालमा मतदाता नामावलीको विशेष गहन पुनरिक्षणको प्रक्रिया अब अन्तिम चरणमा पुगेको छ। मतगणना प्रपत्र वितरण र अपलोड गर्न दुई दिन बाँकी रहँदा बुथ स्तर अधिकारीहरू (बीएलओ) ले हिज विभिन्न इलाकाहरूमा गएर मतदाताहरूको सत्यपान गरिरहेका छन् ।आधिकारिक सुत्र अनुसार अहिलेसम्म राज्यभरि कुल ७.६६ करोड नामांकन प्रपत्रहरु वितरण गरिएको छ, जुन कुल ७ करोड ६६लाख २७ हजार ४ सय ६ मतदाताहरूको ९९.९९ प्रतिशत कभरेजको बराबर हो।

**पश्चिम बंगाल- मतदाता पहिचान पत्र**

पश्चिम बंगालको नदिया जिल्लामा राष्ट्रिय राजमार्ग-12 को किनारमा मतदाता पहिचान पत्रले भरिएको एउटा बोरा भेटिएको घटनापछि खैलाबैला शुरू भएको छ। आज यो घटना त्यसबेला अघि आयो जतिबेला स्थानीय मानिसहरूले शान्तिकुल क्षेत्रमा फोहोर मैलाको थुप्रोमा बोरालाई देखे। त्यसपछि घटनाको सूचना पुलिसलाई दिइयो।सूचना पाएर पुलिस दल घटनास्थलमा पुग्यो अनि मतदाता पहिचान पत्रले भरिएको बोरालाई थानामा लिएर गयो जसको जाँच शुरू गरिएको छ। एक जना अधिकारीले बताए, मतदाता कार्डहरूको सत्यापन प्रक्रिया भइरहेको छ र मामिलाको जाँच जारी छ।यस घटनालाई लिएर राजनीतिक विवाद पनि शुरू भएको छ। उल्लेखनीय छ, पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एस.आई.आर- को प्रक्रिया 4 नोभेम्बरदेखि शुरू भएको थियो भने 11 दिसम्बरसम्म घर-घरमा पुगेर नामांकन फारम वितरण गर्ने कार्य जारी रहनेछ।

**भारतीय विमानपत्तन प्राधिकरण - नेताजी सुभाष चंद्र बोस अंतरराष्ट्रीय हवाई अड्डे**

भारतीय विमानपत्तन प्राधिकरणको नेताजी सुभाषचन्द्र बोस अन्तर्राष्ट्रिय विमानस्थलमा सबै सेवा सामान्य छन् । उडानको आगमन र प्रस्थान कार्य निर्वाध रुपमा भइरहेको र यात्रीहरुको सुबिधाका लागि सबै व्यवस्था निर्बाध रुपमा सञ्चालन भइरहेका छन् ।ए.ए.आई. कोलकाता एयरपोर्टले आज जारी गरेको एक विज्ञप्तिमा यात्रीहरूको निर्बाध आवागमन सुनिश्चित गर्न एयरलाइन्स, केन्द्रीय औद्योगिक सुरक्षा बल, ग्राउन्ड सर्भिस एजेन्सीहरू र अन्य सबै अपरेशनल युनिटहरूसँग निरन्तर समन्वय भइरहेको छ। यात्रीहरुलाई समयमै सहयोग पुर्याउन चेक इन काउन्टर, सेक्युरिटी जाच क्षेत्र आव्रजन विभाग जस्ता महत्वपूर्ण यात्री स्पर्श बिन्दुहरुमा थप सुरक्षाकर्मी परिचालन गरिएको छ ।विमानस्थलमा सूचना काउण्टर र सहयाता केंद्र चौबीसै घण्टा सञ्चालनमा छन् । साथै नियमित घोषणा मार्फत यात्रीहरुलाई आवश्यक जानकारी उपलब्ध गराइएको छ । विमानस्थल प्रबन्धन पक्षले यात्रीहरूलाई जारी गरिएको परामर्श पालन गर्न र उडान सम्बन्धि अध्यतनको लागि सम्बन्धित एयरलाइन्ससँग सम्पर्क गर्न अनुरोध गरेको छ।

**इंटरनेशनल स्पेस स्टेशन - शुभांशु शुक्ला**

अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रबाट फर्केका पहिलो भारतीय अन्तरिक्ष यात्री ग्रुप क्याप्टेन शुभांशु शुक्ला आज कोलकाता पुग्नुभएको छ । यसै वर्षको जुलाईमा उहाँ १८ दिन अन्तरिक्षमा बसेर पृथ्वीमा फर्किएका थिए। उहा इन्डियन सेन्टर फर स्पेस फिजिक्सद्वारा आयोजित एक विशेष कार्यक्रममा भाग लिन कोलकाता पुग्नुभएको हो ।कार्यक्रममा क्याप्टेन शुभांशु शुक्लाले इन्डियन सेन्टर फर स्पेस फिजिक्सको संग्रहालयमा आफ्नो नाममा स्थापना गरिएको विशेष मण्डपको उद्घाटन गर्नुभयो। त्यसपछि उहाँले संग्रहालयको भ्रमण गर्नुभयो र त्यहाँ राखिएका वैज्ञानिक उपकरण र प्रयोगहरूको अवलोकन गर्नुभयो।

**कुल्टी ब्लॉक कांग्रेस विरोध प्रदर्शन**

आज पश्चिम बङ्गाल राज्य को कुल्टी खण्ड कांग्रेस अध्यक्ष सुकान्त दासको नेतृत्वमा आसनसोलमा पीडब्ल्यूडी कार्यालय अगाडि विरोध प्रदर्शन गरियो। जसमा ठूलो संख्यामा कांग्रेस कार्यकर्ता उपस्थित थिए। यस सम्बन्धमा सुकान्त दासले नियामतपुरदेखि दिसरगढसम्मको सडक लामो समयदेखि खराब अवस्थामा रहेको तर प्रशासनले यसमा कुनै ध्यान नदिएको बताउनु

भयो । उहाँले भन्नुभयो - कुल्टीमा कांग्रेसले विभिन्न स्तरमा प्रशासनलाई धेरै पटक अपिल गरेको छ, आवेदन दिएको छ, ज्ञापन पत्र बुझाएको छ, तर अहिलेसम्म कुनै परिणाम आएको छैन। त्यसैकारण उनीहरू पीडब्ल्यूडी कार्यालय अगाडि प्रदर्शन गरिरहेका छन् ।

**दार्जीलिंग एउटा बार सिल**

दार्जीलिङ घुम्न आउने पर्यटकहरुका लागि प्रख्यात एउटा होटेलको बारलाई हिज दार्जीलिङ जिल्ला प्रशासनले सील गरिदिएका छन्।प्रशासनको भनाइ छ, बारमा केही नियमहरूको उल्लंघन भइरहेको थियो जसमा बिना अनुमति संगीत बजाउनु, ढाँचागत कमी-कमजोरी तथा अन्य अनियमितताहरू सामेल छन्। यसै आधारमा बारको लाइसेन्स तीन महिनाको लागि रद्द गरिएको छ। यस कारबाहीलाई लिएर पहाड़मा राजनीतिक विवाद गर्मिएको छ। बारका मालिक एवं इण्डियन गोर्खा जनशक्ति फ्रण्टका नेता अजय एडवर्ड्सको आरोप छ, यो कारबाही राजनीतिक प्रतिशोधको भावनाले गरिएको हो। उनको भनाइ छ, उनले हालैमा तुङसुङ नदीमा "गोर्खाल्याण्ड ब्रिज" बनाएर त्यसको उद्घाटन गरेका थिए। उद्घाटन भएको 48 घण्टाभित्रै उनको बारमाथि कारबाही भयो जुन राजनीतिक प्रतिशोधको भावना हो।अर्कोतिर प्रशासनको भनाइ छ, नियमहरू उल्लंघन गरेको कारण मात्र कारवाही गरिएको हो।

**दार्जीलिंग -चोरी घटना**

दार्जीलिङको युनिक मार्केट परिसरभित्र रहेका लगभग पाँच देखि छ वटा दोकानहरूमा हिज राति चोरीको घटना भएको स्थानीय व्यापारीहरूले बताएका छन्। मार्केट परिसरभित्र विभिन्न व्यापारिक पसलहरूसँगै निजी च्याम्बरहरू पनि रहेका छन्। स्थानीय देवकुमार प्रधानको निजी च्याम्बरको दैलो फुटाएर भित्रका अधिकांश सामानहरु साथै नगद चोरी भएको उहाँले जानकारी दिनुभएको छ I त्यसैगरी वरिपरिका अन्य दोकानहरूमा पनि तोडफोड गरी समान चोरी भएको दोकानदारहरूले बताएका छन्। तोडफोड अनि चोरी भएको घटना बिषय सदर पुलिस थानामा प्राथमिकी दर्ता गरिएको बताउँदै पीडित व्यापारीहरूले पुलिस प्रशासनलाई उचित छानबिन गर्ने माग गरेका छन् ।

**दार्जीलिंग – रक गार्डन – श्रम दान**

बिगत ४ अक्टोबर २०२५ मा आएको भयवाह भल–पहिरोले दार्जीलिंगको पर्यटन केन्द्र रक–गार्डन र अप्पर बरबटे क्षेत्रलाई धेरै क्षति पुऱ्याएपछि बरबटे देखि दार्जीलिङ जोड्ने मुख्य सडक अवरुद्ध भएको थियो। यातायात –ठप्प भएपछि गोर्खा युवा कल्याण समाजको अगुवाइमा साथै गाउँबासीहरूको सहयोगमा सिमेन्ट, बालुवा, गिट्टी संकलन गरी सामूहिक श्रमदानमार्फत ३५ फिट लामो र २५ फिट अग्लो देवल निर्माण गर्दै श्रम संस्कृतिको उत्कृस्ट उदाहरण प्रस्तुत गर्न सफल बनेका छन् I

**खर्सांग -मा क्यान्टिन**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीको अनुप्रेरणामा एव खरसाङ नगरपालिकाको आयोजनामा खरसाङ महकुमा अस्पतालमा 5 रुपियाँमा भरपेट खाना पाइने माँ क्यान्टिन शुरु गरिएको छ। खरसाङ महकुमा अस्पतालमा शुरु गरिएको उक्त माँ क्यान्टिनको उदघाटन रिबन खरसाङ महकुमा शासक आईएएस प्रिया यादव, खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङको बाहुलीबाट गरिएको छ। यो क्यान्टिन अब दिउँसो 12 देखि 2-3 बजीभित्र दिइने व्यवस्था गरिने भएको छ भने दिउँसो र बेलुकाको लागि पनि व्यवस्था गरिने भएको छ। उक्त माँ क्यान्टिन खरसाङ नगरपालिकामा पहिले नै शुरु गरिएको थियो भने अहिले महकुमा अस्पतालमा पनि शुरु गरिएको छ। यसको साथै खरसाङ महकुमा अस्पतालमा राती बिमारी हेर्न बस्नेहरुका लागि कम मूल्यमा सेल्टर होम पनि सञ्चालन गरिएको जानकारी प्राप्त भएको छ।

**सिलीगुड़ी स्पेशल टास्क फोर्स - कार्रवाई**

सिलिगुडी स्पेशल टास्क फोर्स (एसटीएफ) ले आज एउटा कार्गो ट्रकबाट २५० किलोग्राम गाँजा उद्धार गरेको छ । गाञ्जाको तस्करीमा संलग्न ट्रक चालकलाई पुलिस ले पक्राउ गरेको छ । पक्राउ परेका अभियुक्तको बिहार जिल्लाका बासिन्दा

बताइएको छ । यो कारवाही सिलगुडी–जलपाइगुडी राष्ट्रिय राजमार्गको फूलबारीको जियागञ्ज क्षेत्रमा गरिएको हो । एसटीएफ सुत्र अनुसारले यस आशयको जानकारी दिएका छन् ।

**गोरुबथान मानवअधिकार दिवस पालन तथा कार्यालय उद्घाटन**

गोरुबथान खण्ड अन्तर्गत मालबस्तीमा आज मानव अधिकार दिवस पालन गरियो।गोरुबथान पन्चायत समिति सभापति सुर्यमणि राई को मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रम अवधि एसोसिएसनको कार्यालयको पनि उद्घाटन गरियो। यस अवसरमा एसोसिएसनका गोरुबथान युनिटका सभापति नरेश रसाइलीले भन्नुभयो - मानवका अधिकारहरु हनन हुनु हुँदैन।सबै मानव एक हुन् ।

**डा• गोपाल शर्मा -कालेबुङ महाविद्यालयको नयाँ प्राचार्य**

कालेबुङ जिल्ला अन्तर्गत बेन्दा,कागे निवासी डा• गोपाल शर्माले आज देखि कालेबुंग जिल्लाकै प्रतिष्ठित कालेबुङ महाविद्यालयमा प्राचार्यको गरिमामय पद सम्हाल्नुभएको छ ।यस अघि उहाँ पन्चनन वर्मा विश्वविद्यालय कुचविहारमा विभागीय प्रमुखको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

**मजुवा क्षेत्र - सभासद् श्याम शेर्पा - क्रिकेट जर्सी वितरण**

खेल क्षेत्रमा युवाहरुलाई प्रोत्साहित गर्ने उदेश्य राखेर क्षेत्रीय सभासद् श्याम शेर्पाले क्रिकेटको जर्सी प्रदान गर्नुभएको छ । यस विषयमा सभासद् श्याम शेर्पाले - वर्तमान समयमा युवाहरुलाई खेल क्षेत्रमा संलग्न गरेर एक सफल खेलाडी बनाउने लक्ष्य राखेर प्रोत्साहित गरिएको बताउनुभयो। उहाँले युवाबर्ग अनि समाजलाई सकारात्मक दिशातर्फ अग्रसर गरौं आज को आवश्यकता रहेको बताउनुभयो ।

**अप्पर गोक -फुटबल टुर्नामेन्ट शुरू**

युवाहरुलाई खेलको क्षेत्रमा प्रोत्साहन गर्दै दार्जिलिङ पुलबजार खण्डको गोक एक ग्रामको गोक युथ स्पोर्टिङ्ग क्लबद्वारा आयोजित अन्तर ग्रामीण फुटबल प्रतियोगिता मगलबार बाट शुरू भयो । उद्घाटन कार्यक्रममा गोक एक ग्राम पञ्चायत प्रधान एलिना रसाईली प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो ।

****** ० ******